# गलकोट नगरपालिका लैङिगक हिंसा निवारण कोष -(सञ्चालन)कार्यविधि, २०७७

**प्रस्तावना** : समाजमा बढ्दै गईरहेको लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना गर्न वान्छनीय देखिएकाले प्रशासकीय कार्यविधि -नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गलकोट नगरपालिकाले यो कोष सञ्चालन सम्बन्धि कार्यविधि बनाई लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "लैङिग्क हिंसा निवारण कोष (संचालन)" कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि गलकोट नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई लागू हुनेछ ।

**२ परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "कार्यालय" भन्नाले गलकोट नगरपालिका नगर कार्यापालिकाको कार्यालय सम्भन्नु पर्छ ।

ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङिग्क हिंसा निबारण कोष सम्भन्नु पर्छ ।

ग) "पीडित" भन्नाले लैङिग्क हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्भन्नु पर्छ ।

घ) "तत्काल उद्धार तथा राहत समिति " भन्नाले नियम ८ बमोजिमका तत्काल उद्धार तथा राहत समिति सम्भन्नु पर्छ ।

ङ) "लैङिग्क हिंसा" भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने मानसिक, शारिरिक तथा यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लिङ्गका आधारमा हुने हिंसा सम्भन्नु पर्छ ।

**३. कोषको स्थापना** : (१) गलकोट नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन ।

क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

ख) गलकोट नगरपालिकाको आफ्नै स्रोतको रकम,

ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

घ)स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

**४.कोषमा रकम जम्मा गर्ने** : लैङ्गिक हिंसामा परेका व्यक्तिहरुका हक हीतको संरक्षणका लागि नगरपालिकाले बाषिएक रुपमा तोके बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

**५.कोषको उपयोग** : १) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

क) तत्काल उद्धार गर्न,

ख) ओषधि उपचार गर्न,

ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

घ) कानूनी सहायता, मनोवैज्ञानीक उपचार तथा मनोविमर्स प्रदान गर्न,

ङ) कुनै व्यवसाय गर्नको लागि बीउँ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

च) पुन स्थापना गराउन,

२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पिडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिमा प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** : (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल उद्धार तथा राहत समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७. पिडीतलाई रकम उपलब्ध गराउने** : पिडीतलाई राहत तथा अर्थिक सहयोग उपलब्ध गराउनको लागि तत्काल उद्धार तथा राहत समितिले गरेको निर्णयनुसार कार्यालयले रकम नियमानुसार उपलब्ध गराउने छ ।

**८. तत्काल उद्धार तथा राहत समितिको गठन** : (१) पिडीतलाई राहत तथा अर्थिक सहयोग उपलब्ध गराउनका लागि गलकोट नगरपालिकामा एउटा तत्काल उद्धार  तथा राहत समिति रहनेछ ।

(२) तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ

क) नगर उप- प्रमुख - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) प्रमुख, इलाका प्रहरी कार्यालय - सदस्य

घ)नगर सभा सदस्य (महिला-२ जना ) - सदस्य

ङ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्यबाट समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना - सदस्य

च) महिला, बालबालिका, तथा समाजकल्याण शाखा - सदस्य सचिव

(३) उपनियम (२) को खण्ड -ङ बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

४) तत्काल उद्धार तथा राहत समिति गलकोट नगरकार्यपालिकाको कार्यालयमा रहनेछ ।

५) तत्काल उद्धार तथा राहत समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**९. तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार** : तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ  :

क) पिडीतलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ख) राहत तथा आर्थिक सहयोगको सदपयोग भए वा नभएको सम्बन्धमा गर्ने वा गराउन,

ग) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

**<u>१०. राहत तथा अर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार</u>** : (१) यस नियमावली बमोजिम पिडीतलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरि उपलब्ध गराईनेछ ।

क) पिडीतलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग र्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत र बास बस्नु पर्ने भए सो बापत छुट्टै रकम दिने,

ख) पिडीतलाई अस्पतालमा भर्ना गरि औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च , अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च समेत गराउने ,

ग) कानूनी सहायता, मनोबैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ) कुनै व्यवसाय गर्नको लागि विउँ पूँजीको रुपमा बस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैयाँ ,

ङ) पुन स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

च) तत्काल उद्धार तथा राहत समितिले तोकै बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्तो पिडीतलाई मनासिव रकम थप गरी दिन सक्नेछ।

**<u>११ राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने</u>** : (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडीत वा सरोकारबाला व्यक्तिले राहत तथा आर्थित सहयोग पाउनु पर्ने मनासिव कारण खु लार्य वडा कार्यालयको सिफारिस सहित महिला , बालबालिका तथा समाजकल्याण शाखामा निवेदन दिनु पर्नेछ ।

**<u>१२. तत्काल रकम उपलब्ध गराउन सक्ने</u>** : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पिडीतलाई तत्काल उद्धार , औषधि उपचार , पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु १०,०००।-( अक्षरुपी रु दश हजार मात्र) नबढ्ने गरि मनासिव रकम सम्बन्धित पिडीतलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परि समितिको अध्यक्ष बाट पिडीतलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**<u>१३.छुट्टै खाता खोल्नु पर्ने</u>** : (१) नगरपालिकाबाट प्राप्त भएको रकम नगरपालिकाको सरकारी कारोबार गर्ने बाणिज्य बैंकमा रहेको विविध कोषको खातामा जम्मा गर्नु पर्ने छ ।

२) कोषको कारोबारको अभिलेख राख्नका लागि छुट्टै वजेट उपशिर्षकको व्यवस्था गर्नु पर्नेछ ।

३) उपनियम (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख संयुक्त दस्तखतबाट हुनेछ ।

**<u>१४. कोषको लेखा र लेखा परिक्षण</u>** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको अन्तिम लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**<u>१५. आवर्ति (रिभल्भीङ) कोष</u>** : यो कोष आवर्ति(रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**<u>१६. प्रतिवेदन पेश गर्ने</u>** : (१) तत्काल उद्धार तथा राहत समितिले प्रत्येक चौमासिकमा सो समितिबाट भए गरेका प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**<u>१७. बैठक भत्ता</u>** : सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत नगरकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

**<u>१८. निर्देशन दिन सक्ने</u>** : कार्यपालिकाले तत्काल उद्धार तथा राहत समितिको काम कारबाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**आज्ञाले**
हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत